# मिडिया कभरेजमा राणाकालीन संसद

**डा. जगत नेपाल, उप–प्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं**
Email : jagatnepal@gmail.com
**डा. डोलराज काफ्ले, सह–प्राध्यापक, केन्द्रीय इतिहास विभाग, त्रिवि**
Email : kafledol@gmail.com
**माहाप्रसाद खतिवडा, उप–प्राध्यापक, जनता आदर्श बहुमुखी क्याम्पस, विराटनगर, पूर्वाञ्चल विश्वविद्यालय**
Email : himpji@gmail.com

**सारसंक्षेप**

प्रस्तुत अनुसन्धानात्मक राणाकालीन संसदीय अभ्यासमा केन्द्रीत छ। कुनै समय समुन्द्रले नछोएको मुलुक नेपालमा कसरी संसद बन्न सक्छ भनेर प्रश्न गर्ने राणा शासक के कति कारणले संसद स्थापना गर्न वाध्य भए, राणाकालीन संसदका के कस्ता विशेषता थिए र व्यवस्थापिकाको काम कारवाही बारे गोरखापत्रमा के कस्ता समाचार सामाग्री प्रकाशित भए भन्ने विषयमा खोजी गर्नु यो अध्ययनको उद्देश्य रहेको छ। जङ्गबहादुर कुँवरले बि.सं. १९०३ मा आफू र आफ्ना सन्तानले मात्र शासन गर्न पाउने गरी प्रारम्भ गरेको राणा शासनले शताव्दी पार गर्दासम्म पनि नेपालमा संसदको आवश्यकता र महत्त्वका बारेमा धेरै अनभिज्ञ थिए। शिक्षा र चेतनाको चरम अभाव रहेको त्यो युगमा राणा प्रधानमन्त्रीलाई भगवानको अवतार मानेर पूजा गर्ने आम जनताको त के कुरा, शासक वर्ग, बुद्धिजिवी समेत संसद बारे अनभिज्ञ थिए। शासकको गुणगानका लागि खोलिएको एउटा गोरखापत्र बाहेक कुनै पत्रपत्रिका थिएनन्। भारतबाट प्रकाशित हुने पत्रपत्रिका पढ्ने र रेडियो सुन्ने अधिकार समेत उनीहरूलाई थिएन। सुधारवादी सोचका पद्मशमशेर प्रधानमन्त्री भएपछि सर्वसाधारणले रेडियो सुन्ने अधिकार पाए। ठाँउ ठाँउमा स्कूल खुले। नगर पञ्चायतको चुनाव भयो। पद्मशमशेरले २००४ सालमा मुलुकको पहिलो लिखित संविधान घोषणा गर्दै श्री ३, भारदारी सभा र राष्ट्रसभा रहेको व्यवस्थापिका रहने प्रावधान राखे। कम्याण्डर इनचीफ मोहनशमशेर लगायत कट्टरपन्थी राणाहरूको दवावका कारण आफैले घोषणा गरेको संविधान लागू गर्न नसकेर पद्मशमशेर भारत पलायन भए। उतैबाट राजीनामा पठाए र मोहनशमशेर प्रधानमन्त्री बने। भारतबाट अंग्रेजहरू फिर्ता भएको, नेपाल भित्र र बाहिर राणाहरूको सशक्त विरोध हुन थालेको अवस्थामा मोहनशमशेरले सुधारको नाटक मञ्चन गर्दै नेपालकै पहिलो संसदका रुपमा व्यवस्थापिकाको उद्घाटन गरे। राणा परिवारका सदस्य र चाकरिवाजहरू रहेको त्यो संसदको कुनै अर्थ थिएन। तैपनि नेपाली संसदको उद्गम र यसको इतिहास जान्न, बुझ्न तथा त्यो घटनाका बारेमा गोरखापत्रमा के कस्ता समाचार समाग्री प्रकाशित भए भन्ने बिषयमा अध्ययन गर्न चाहनेहरूका लागि राणाकालीन संसदीय अभ्यास रुचीकर र उपयोगी हुन सक्छ।

*मुख्य शब्द* : व्यवस्थापिका, संविधान, निरङ्कुश शासन, पत्रकारिता

Article's information : Manuscript received : 2024/09/27, Date of review : 2024/12/15, Date of manuscript acceptance 2025/02/23 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/medha.v7i2.76043
Homepage : https://www.nepjol.info/index.php/medha/index/ Copy right (c) 2024 Medha Journal
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

पृथ्वीनारायण शाहले एकीकरण गरेपछि नेपालको शासन प्रशासन राजाका साथै भारदारहरूबाट चल्न थाल्यो। ती दिन नीति निर्माणमा दरवारका साथै भारदारहरू निर्णायक थिए (पाँडे, २०७६–भाग पाँच, पृ.४–५)। वि.सं. १९०३ भदौ ३१

को कोतपर्व पछि जङ्गबहादुरले आफू र आफ्ना वंशले मात्र शासन गर्न पाउने गरी राणा शासन शुरु गरे (रोज र फिसर, १९७०, पृ. २१–२२)। राजा नाममा मात्र सिमित बनाइए। प्रधानमन्त्री सर्वेसर्वा भए। पाँडे (२०७६–भाग ५) लेख्छन् – लोकतान्त्रिक शासन प्रणाली भएका मुलुकहरूमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको जति अधिकार हुन्छ त्यो भन्दा कैयौं गुणा शक्तिशाली थियो, राणा प्रधानमन्त्रीको हुकुम (पाँडे, २०७६–भाग ५, पृ. १२)। राज्यको ढुकुटी आफूखुसी खर्च गर्ने, कुनै पनि पदमा नियुक्ति गर्ने, हटाउने, न्याय निसाफ दिने लगायतका सबै अधिकार प्रधानमन्त्रीको तजविज र हुकमबाट हुन्थ्यो (नेपाली, २०५५, पृ. ३५)। उन्नाइसौँ शताव्दीको अन्त्य र विसौँ शाताव्दीको प्रारम्भसँगै हुकुमी शासनको ओरालो यात्रा आरम्भ भयो (भट्टराई, २०५९, पृ. १)। दोस्रो विश्वयुद्ध (सन् १९३९–१९४५) को अन्त्य, हिन्दुस्थानमा अंग्रेज विरुद्ध महात्मा गान्धीको नेतृत्वमा चलेको 'भारत छोडो' आन्दोलन , एसियाली मुलुकहरूमा चलेको उपनिवेशवादको पतन र स्वतन्त्रताको लहरको प्रत्यक्ष प्रभाव नेपाली समाजमा परिरहेको थियो (शाह, २००१, पृ. १६२)। तिनैताका 'विश्वयुद्व'मा अंग्रेजका तर्फबाट युरोप र एसियाका विभिन्न मोर्चामा लडेर स्वदेश फर्किएका दुई लाख गोर्खाली सिपाहीहरूले देशका दुर्गम गाउँ बस्तीमा नागरिक अधिकार, स्वतन्त्रता र प्रजातन्त्रका पक्षमा जागरण फैलाउन थाले (हागन, सन् २०१९, पृ. १९)। राणा परिवार भित्रको कलह चुलिदै गयो र नेपाल भित्र र भारत प्रवासमा समेत राणा विरोधी गतिविधि हुन थाले (रोज र फिसर, १९७०, पृ. २५)। यही पृष्ठभूमिमा २००२ साल मङ्सिर १४ गते प्रधानमन्त्री जुद्धशमशेर भतिजा पद्मशमशेरलाई शासन सत्ता सुम्पेर अवकाश लिए। त्यति बेला उनले भनेका थिए–मैरै भाइ भारदार पनि राजनीतिक सुधार हुनुपर्छ, पार्लियामेन्ट हुनुपर्छ भन्छन्, समुन्द्री सीमाले नछोएको देशमा कहीँ संसद बन्न सक्छ (नेपाल, २०७२, पृ. ३३)। ती दिन नेपाली समाजमा आम जनताको त कुरै छोडौँ, पढेलेखेका बुद्धिजीवी र शासक वर्ग समेत संसद बारे अनभिज्ञ थिए। जनतालाई क्रमशः अधिकार नदिने हो भने राणा शासन जोगाउन सकिदैन भन्ने बुझाईका कारण पद्मशमशेरले सत्ताको वागडोर सम्हालेदेखि नै सुधारको नीति अबलम्बन गरे। स्कूल कलेज खोल्ने अभियान चलाए। जनताले रेडियो राख्ने अनुमति दिए (गोरखापत्र, २००३ जेठ २७, पृ. १)। अर्ध साप्ताहिक रुपमा प्रकाशन हुदै आएको गोरखापत्र सातामा तीन पटक छाप्ने व्यवस्था मिलाए (प्रधान, सन् २०१४, पृ. १२९)। २००३ साल श्रावण पहिलो सातासम्म आईपुग्दा बेलायती सरकारले आफ्नो संसदबाट भारतलाई स्वतन्त्रता दिने घोषणा गरि सकेको थियो। भारतका विषयमा बेलायती संसदमा भएका छलफल र छिट्टै भारत स्वतन्त्र हुदैछ भन्ने समाचारलाई सञ्चार माध्यमहरूले निक्कै महत्त्वका साथ प्रवाह गरिरहेका थिए (गोरखापत्र, २००३ श्रावण ८, पृ. १)। महाराज पद्मशमशेरले रेडियो राख्न छुट दिएका कारण शिक्षित नागरिकले बेलायती संसदका गतिविधि सम्वन्धी समाचार रेडियोबाट सुन्ने र बुझ्ने मौका पाइरहेका थिए। सन् १९४७ अगस्त १५ (२००४ साल साउन ३१) भारत स्वतन्त्र हुने खवरले नेपालका प्रजातन्त्रवादीको हौसला बढ्दै गयो (हागन, सन् २०१९, पृ. १८)। यही परिवेशमा महाराज पद्मले २००४ साल माघ १३ गते मुलुकको पहिलो संविधान 'नेपाल सरकार वैधानिक कानून २००४' घोषणा गरे। त्यही संविधानमा पहिलो पटक श्री ३ महाराज, राष्ट्र सभा र भारदारी सभा रहेको व्यवस्थापक सभा (संसद) को व्यवस्था गरियो र नेपालमा संसद स्थापनाको आधार तयार भयो।

## अध्ययन विधि र सीमा

प्रस्तुत लेख गुणात्मक अनुसन्धान विधिमा तयार भएको छ। नेपालमा संसदीय अभ्यासको आरम्भ कसरी भयो भन्ने तथ्यको खोजी गर्नु यो आलेखको मुख्य उद्देश्य रहेको छ। निरङ्कुश राणा शासनकै समयमा किन र कसरी संसदीय अभ्यासले स्थान पायो भन्ने बिषयमा कुनै अभिलेख नभेटिएकाले मिडियामा प्रकाशित सन्दर्भ समग्रीलाई अध्ययनको आधार बनाइएको छ। २००७ साल अघि मुलुकमा गोरखापत्र वाहेक अन्य पत्रिका नभएकाले यसमा समावेश गरिएका धेरै तथ्यहरू गोरखापत्रको

कभरेजमा आधारित छन् । अध्ययनका क्रममा पूर्व प्रकाशित सन्दर्भ सामग्रीको अध्ययन गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिबाट प्रस्तुत गरिएको छ ।

**पहिलो लिखित संविधान र संसदसम्बन्धी व्यवस्था**

प्रधानमन्त्री पद्मशमशेरले २००४ साल माघ १३ गते मुलुकको पहिलो लिखित संविधान 'नेपाल सरकार वैधानिक कानून २००४' घोषणा गरे । संविधान २००५ साल वैशाख १ गतेबाट कार्यान्वयन गर्ने भनिएको थियो । कट्टरपन्थी राणाहरूको चरम दबाब र ज्यान लिने धम्कीकाबीच संविधान घोषणा गर्ना साथ सत्ता त्याग गरी भारत जाने सर्त स्वीकार गरेपछि मात्र पद्मशमशेरले संविधान घोषणा गर्न पाएका थिए । त्यही संविधानको धारा २२ मा श्री ३ महाराज, राष्ट्र सभा र भारादारी सभाबाट नेपालको व्यवस्थापक सभा बन्नेछ भन्ने प्रावधान थियो ।

राष्ट्र सभामा निर्वाचित र सरकारबाट नियुक्त भएका सदस्यहरू गरी ६० मा नघटाई र ७० मा नबढाई सदस्यहरू रहने प्रावधान राखिएको थियो भने भारादारी सभामा श्री ३ को तजवीजबाट घटिमा २० र बढीमा ३० सदस्य नियुक्त हुने व्यवस्था थियो । राष्ट्रसभाको सभापति श्री ३ महाराजबाट मुकरर हुने र उपसभापतिको चयन सदस्यहरूले निर्वाचन मार्फत गर्ने व्यवस्था गरिएको थियो । भारादारी सभाको सभापति, कम्याण्डर इनचीफ हुने र उपसभापति श्री ३ महाराजबाट नियुक्त हुने प्रावधान राखिएको थियो । अधिकारी (२०७१) का अनुसार वैधानीक कानूनले श्री ३ का निरङ्कुश अधिकारलाई सुरक्षित राख्न सबै भन्दा वढी ध्यान केन्द्रीत गरे पनि पहिलो पटक सरकारका तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अधिकार निर्धारण गरेको थियो । त्यसै गरी संविधानमा जनताका मौलिक अधिकारको व्यवस्था गर्नुका साथै शासन व्यवस्थामा जनताका प्रतिनिधिहरूलाई सहभागी बनाउने प्रावधान राखिएको थियो (पृ.६९)। वैधानिक कानून घोषणा गरेपछि विशालनगर दरवारको झ्यालवाट विसर्जन गर्दा महाराज पद्मशमशेर ह्वा ह्वा रोएका थिए (राणा, २०७०, पृ. २९६)।

**महात्मा गान्धीको हत्या र महाराज पद्मशमशेरको भारत पलायन**

३० जनवरी १९४८ को दिन वेलुका ६ वजे अलइण्डिया रेडियोबाट महात्मा गान्धीको हत्याको ब्रेकिङ न्युज प्रशारण भयो । २००४ साल माघ १७ गते शुक्रवारको घटना हो । वेलुकीको प्रार्थनामा जाने क्रममा गान्धीको हत्या भएको थियो (सिंह, २०५१, पृ. ८२)।' त्यो घटनाबाट पद्मशमशेर मर्माहत भए । राणा सरकारले अरु नै कारण देखाएर माघ १८ र १९ गते सरकारी विदा घोषणा गऱ्यो (प्रधान, सन् १०१४, पृ. २०५) । पहिलो पटक काठमाडौं पूर्ण रुपले वन्द भयो ।  'शान्तिको पुञ्ज अस्तायो, महात्मा गान्धीको स्वर्गवास' शिर्षकमा २००४ माघ २० गतेको अङ्कमा गोरखापत्रले लेखेको थियो – सदा झै बेलुकाको प्रार्थना सभामा जान लागेका महात्मा गान्धीलाई एउटा व्यक्तिले हानेको गोली मध्ये २ गोली पेटमा र एक गोली छातीमा लाग्यो । गोली लाग्ना साथ उनको मुखबाट हे राम भन्ने शव्द दुई पटक फुट्यो (गोरखापत्र, २००४ माघ २०, पृ. १) । त्यो घटनापछि महाराज पद्ममा कति बेला चन्द्रशमशेर र जुद्धशमशेरका सन्तानबाट आफू मारिइने हो भन्ने त्रास झन झन बढ्दै गयो । जबरा (२०६५) लेख्छन्–भारततर्फ नगई नेपालमै बस्ने हो भने मलाई मार्छन म कदापि बस्दिन भनी महाराज पद्मशमशेर डाँको छोडर रुन थाले (पृ. ३७) । २००४ साल फागुन ४ गते अपरान्ह ३ वजे विशालनगर दरवारबाट भाई भारदार, जङ्गी तथा निजामती कर्मचारी र जनताका नाममा सम्बोधन गर्दै महाराजले आफू उपचारका लागि भारत जाने घोषणा गरे । महाराजले ६७ वर्षको उमेरसम्म आई पुग्दा आफूले ४८ वर्ष देश र जनताको सेवा गरेको विवरण सुनाउदै आफ्नो शारीरिक स्वास्थ्य अवस्थाका कारण शासन सत्ताको कामबाट विश्राम लिन चाहेको बताए । त्यो दिन महाराजले गरेको घोषणा बारे गोरखापत्रमा यसरी रिपोर्टिङ भएको पाइन्छ ।

> अहिले मेरो सबैभन्दा कष्टदायक लक्षण रक्तचापको छ। अलिकति मात्र पनि शारीरिक अथवा मानसिक परिश्रम मेरो स्वास्थ्यले सहन गर्न नसेकको ५–६ महिना भैसक्यो। मैले २–४ मुख्य र खास कुराहरू बाहेक आफैले ध्यान दिन सकेको छैन। सबै कुरामा सुयोग्य भाइ कम्याण्डर इनचीफले स्नेह गरी मेरो काममा सघाइदिने गरेकाले मेरो बोझ बहुतै हलुका भइआएको छ। (गोरखापत्र, २००४ फागुन ५, पृ. १–४)

भारतमा महात्मा गान्धीको हत्यापछि आफू कति बेला मारिने हो भन्ने त्रासमा रहेका महाराजले सम्बोधनमा भनेका थिए–

> अस्ति शुक्रवार राति रेडियोमा सहसा भारतीय राष्ट्र«पिता महात्मा गान्धीको दिल्लीमा हत्या भएको समाचार सुनेदेखि मेरो रक्तचाप एकदमै बढ्न गै अनेक उपाय उपचार गरे तापनि त्यसलाई अलिकति पनि वसमा गर्न सकेको छैन। ती महान आत्मा प्रति मैले श्रद्धा गर्न थालेको औं उनको मनुष्य जातीभरी प्रेम र सहयोग पैदा गराउने महान उद्देश्य सफल होओस् भनि प्रार्थना गर्न थालेको २५ वर्षभन्दा पनि बढी भयो। यस अवस्थामा उनको सम्मानित वृद्ध शरीरमा गोली चलेको नृशंस हत्याकाण्डको खबरले मेरो मनमा ठूलो आघात भै शरीरमा समेत प्रभाव पर्न गएको हो। (गोरखापत्र, २००४ फागुन ५, पृ. १–४)

महाराजले आफू ५–६ महिनाको लागि औषधी गराउन भनि चाँडै हिन्दुस्तान जान लागेको बताए र भारतका विशेषज्ञ चिकित्सकहरूको उपचारबाट राम्रो फाइदा भयो भने फेरी भेट भैहाल्ने छ भन्ने विचार राख्दै उनले भनेका थिए– अहिले १ वर्ष ४ महिना जति भैसक्यो मैले काम राम्ररी हेर्न सकेको छैन। सो चेष्टा गर्नासाथ शरीरले सहन गर्न सक्दैन, औं अनेक व्याधि उठिहाल्छन्। यस्तो स्वास्थ्य लिएर नेपाल राज्यको प्राइमिनिष्टरी अविभारा र उत्तरदायित्व पनि चल्न नसक्ने वताउदै महाराजले भनेका थिए–

> अहिले नै आफ्नू शरीरले सहन गर्न नसक्ने गाह्रो उत्तरादायित्व र बोझ परसारे भने आयुमा दुई चार वर्ष वृद्धि भै श्रीरामका पाऊमा अर्पण गर्ने मौका पाउँछु भन्ने लाग्दछ। मनुश्य मात्रलाई महसुस गराउने शाश्वत र पूर्ण आत्मशान्ति हो। सो अचेल श्रद्धाभक्तिद्वारा वडा भाग्यमानीले मात्र पाउन सक्छन्। जति सुकै सान्सारिक वडप्पन ऐश्वर्य भए तापनि आत्मशान्तिलाई त्यो कारण हुन सक्दैन। धनादी ऐश्वर्यले अमृत स्वरुप आत्मशान्ति दिन सक्दैन। तसर्थ मैले उही बस्ने निश्चय गरे भने तिमी दाजुभाइ दिदी वहिनीहरूले मेरो आत्मालाई शान्ति र ईश्वर भक्ति बढोस् भनी आर्शिवाद दिने छौ भन्ने पूर्ण आशा गरेको छु। (गोरखापत्र, २००४ फागुन ५, पृ. १–४)

जनताका नाममा सम्बोधन गरेको ४ दिनपछि २००४ साल फागुन ८ गते विहान ८.५५ मिनेटको शुभ साइतमा महाराज पद्मशमशेर वग्गिमा बसेर रुदै रुदै टुडिखेलको वाटो भएर काठमाडौंबाट वीरगञ्जतर्फ लागे (गोरखापत्र, २००४ फागुन २२, पृ. १)। राजनीतिक सुधारको विपक्षमा रहेका मोहनशमशेर र बबरशमशेर जस्ता कट्टरपन्थी राणाहरूसँग जुधेर आफूले घोषणा गरेको संविधान कार्यान्वयन गराउने हिम्मत पद्मशमशेरमा थिएन। नत उनमा विरोधीलाई तह लगाएर अघि बढ्ने दह्रो मुटु नै थियो। धर्मभीरु र कायर प्रधानमन्त्री महाराज पद्मले मोहनशमशेर र बबरशमशेर पक्षबाट आफ्नो ज्यानको खतरा महसुस गरी जीवन रक्षाका लागि विधान घोषणा गर्ना साथ राज त्याग गरी भारत जाने निर्णय लिइरहेका थिए। रक्तचापको उपचार गराउने भाषण त केवल उनको देश छोड्ने वहाना मात्र थियो। शर्मा (२०३३) लेख्छन् –भारत जानु अघि नै महाराजले आफ्नो सम्पत्ति बेचविखन गरि सकेका थिए (पृ.३८८)। काठमाडौं छोड्दा एक करोड १४ लाख नगदका साथै बहुमूल्य सामानहरू साथमा लिएर गए (शाह, २००१, १६२)। उपचारको वहानामा देश छोडेका पद्शमशेर फेरी महाराजको रुपमा स्वदेश फर्किएनन्।

उतैबाट राजिनामा र श्रीपेच पठाएर बाँकी जिवन भारतमै विताए। प्रधानमन्त्रीको श्रीपेच लगाए देखि रुन थालेका महाराज पद्मलाई २८ महिना उनको राजकाज रहदासम्म रुवाईले छोडेन, राजिनामा र श्रीपेच पठाएपछि मात्र त्यस क्रममा ब्रेक लाग्यो।

**अन्तिम राणा प्रधानमन्त्रीको शासनकाल**

छल र बलको माध्यमबाट पद्मलाई भारत जान बाध्य बनाएर धपाएपछि २००५ साल वैसाख १८ गते ६४ वर्षको उमेरमा मोहनशमशेर प्रधामनन्त्री बने। सत्ताको बागडोर पाउना साथ श्री ३ पद्मले शुरु गरेका सुधार प्रयासलाई लत्याउदै राणा विरोधीहरूका लागि आधारभूमि खडा गरिदिए। उनको शासन प्रारम्भ हुनासाथ विरोधी माथि व्यापक दमन शुरु भयो। तैपनि प्रजातन्त्रको पक्षमा चलेको आन्दोलन सकिएन। दिन प्रतिदिन बढ्दै गयो। प्रधानमन्त्री बनेपछि मोहनशमशेरले भारतको भ्रमण गरे। अंग्रेजको आडमा टिकेका राणाहरू भारत स्वतन्त्र भएपछि सङ्कटमा थिए। भारतीय प्रधामनन्त्री नेहरूले उनलाई क्रमशः नेपाललाई प्रजातान्त्रिकरणको बाटोमा लैजान सल्लाह दिदै विलम्ब भए राणा शासन सङ्कटमा पर्ने सुझाव दिए (बस्नेत, २०६६, पृ. १३२)। माथेमा (२०७३) का अनुसार नेहरूले राजनीतिक सुधार गरी जनतालाई अधिकार दिनु पर्छ भन्ने सुझाव दिएपछि मोहनशमशेरले हुन्छ म त्यस्तै गर्ने छु भन्ने आश्वासन दिएका थिए (पृ. ९६)। नेहरूलाई रिझाउनका लागि उनले देखावटी रुपमै भए पनि पद्मशमशेरले घोषणा गरेको नेपालको वैधानिक कानूनलाई तोडमोड गरी जनतालाई अधिकार दिएको देखाउन नाम मात्रको संसद स्थापना गर्ने मानसिकता बनाइसकेका थिए (माथेमा, २०७३, पृ. ९६)। भारत भ्रमणकै क्रममा रहदा उनले फागुन १० गते त्यहाँको संसद अवलोकन गरे। २००६ साल फागुन १३ को गोरखापत्र लेख्छ – भारतीय पार्लियामेन्टको अधिवेशन नजर गर्नलाई नेपालका प्राइमिनिष्टर तथा सुप्रिम कमाण्डर इनचीफ श्री ३ महाराज सवारी भएको थियो। मौसुफबाट नजर हुनलाई पार्लियामेन्ट भवनमा एउटा विशेष इन्तजाम थियो (गोरखापत्र, २००६ फागुन १३, पृ. १)। झण्डै १ महिना लामो भारत भ्रमण सकेर उनी २००६ फागुन २२ गते काठमाडौं आइपुगे। भारतलाई खुसी पार्न र आफ्नो सत्ता लम्व्याउन उसको साथ पाउने विश्वासमा महाराजले सन् २००७ साल श्रावण १६ गते सिंहदरवार स्थित ग्यालरी बैठकमा नेपाल भारत मैत्री सन्धीमा हस्ताक्षर गरे। जुन सन् १९५० को सन्धीका नामले चिनिन्छ (गोरखापत्र, २००७ श्रावण १८ पृ. १)। मोहनशमशेरले भारतीय नेतृत्वलाई खुसी पारी देश भित्र नेपाली राष्ट्रिय कांग्रेसको बढ्दो प्रभाव कम गर्न सन्धि गरेका थिए (सिंह, २०५१, पृ. ७२)। तर स्थापनाको केही समयमै नेपाली कांग्रेसले सशस्त्र क्रान्तिको तयारी गर्न थाल्यो (बस्नेत, २०६६, पृ. १३९)।

**प्रधानमन्त्रीबाट व्यवस्थापिका (संसद) को उद्घाटन**

प्रधानमन्त्री मोहनशमशेर भन्ने गर्थे– भेडा बाख्रा चराउने (जनता) ले राजकाज चलाउन सक्दैनन्। बहुसंख्यक जनता महाराजले भनेको कुरामा विश्वास गर्थे, किन भने ती दिन राणाहरूलाई भगवान मानेर पुजा गर्ने समाज थियो। २००७ साल अघि नेपालको साक्षारता १ प्रतिशत भन्दा पनि कम रहेकाले चेतनाको अभाव थियो। प्रधानमन्त्री मोहनशमशेर भन्ने गर्थे– शासन चलाउन भाग्यमा लेखिएको हुनुपर्छ (चटर्जी, २०६३, पृ. ९५)।' तैपनि भारतीय प्रधानमन्त्री नेहरूसँग राजनीतिक सुधार थाल्ने र जनतालाई अधिकार दिदै जाने बाचा गरेर आएका मोहनशमशेरले आफ्ना केही भक्तहरू एकीकृत गरी विश्वका प्रजातन्त्रवादी राष्ट्र र खास गरी भारतको आँखामा छारो हाल्न वैधानिक कानून २००४ अन्तर्गत भारदारी र राष्ट्रसभा रहेको द्विसदनात्मक व्यवस्थापिका गठन प्रकृया शुरु गरे (शर्मा, २०३३, ३९३)। उनले घोषणा गरेको संसदमा राणा परिवारका सदस्य, भारदार र मोहनशमशेरका चाकरीबाजहरू मात्र थिए। जिल्लाका बडाहाकिमहरूलाई पत्राचार गरी तल्लो सदन राष्ट्रसभाका लागि प्रतिनिधि पठाउनु भन्ने आदेश जारी गरियो। उनीहरूले आफूले मनपराएका व्यक्तिहरूको नाम पठाई दिए। पाँच वटा वर्गीय संगठनका प्रतिनिधिहरू महाराज आफैले मनोनीत गरे। मजदुर वर्गको प्रतिनिधित्व रहेन (अधिकारी, २०७१, पृ. ८१)।

बस्नेत (२०६६) लेख्छन्–केही जिल्ला र केही वर्गीय संगठनबाट निर्वाचित भनेर केही सदस्यको नाम राखिए पनि तिनीहरू कहिले, कसरी, कसबाट चुनिए भन्ने कसैलाई केही थाहा थिएन । वस्तुतः यि दुवै सदन, तिनको बनोट र काम कारवाही हास्यास्पद रुपमा देखा परेका थिए । जनप्रतिनिधिहरूबाट शासन व्यवस्था सञ्चालित छ भन्ने अलिकति पनि आभास त्यस संसदले कसैलाई दिन सकेन (पृ. १५७) ।

२००७ साल असोज ४ गते गोरखापत्रमा ‘व्यवस्थापिका सभाको शुरु’ शीर्षकमा सूचना छापियो । त्यो सूचनामा असोज ६ गते शुक्रवारका दिन श्री ३ महाराजबाट सिंहदरवार भित्र ग्यालरी बैठकमा व्यवस्थापिकाको शुरु गरिबक्सने भयो भन्ने उल्लेख गरिएको थियो (गोरखापत्र, २००७ असोज ४, पृ. १) ।

श्री ३ महाराज मोहनशमशेरले असोज ६ गते बेलुका ४ वजे राष्ट्रसभा र ४.४० वजे भारदारीसभाको उद्घाटन गरे (गोरखापत्र, २००७ असोज ९, पृ. १) ।

२००७ साल असोज ९ गतेको गोरखापत्रले प्रथम पृष्ठमा ‘श्री ३ महाराजबाट नेपालको संसद उद्धाटन, सिंहदरवार ग्यालरी बैठकमा’ शीर्षकको मुख्य समाचार प्रकाशित गरेको पाइन्छ । समाचारको विवरण यस्तो थियो–असोज ६ गते बेलुका ४ बजे सिंहदरवार ग्यालरी बैठकमा श्री ३ महाराजबाट राष्ट्रसभाको उद्धाटन गरिबक्सियो । सो सभामा राष्ट्रसभाका नियुक्त र निर्वाचित सदस्यहरू सामेल थिए । तोकिएका अफिसर र पगरीहरू पनि उपस्थित थिए । ब्रिटिस राजदुत र भारतीय दुतावासका अधिकारी पनि सहभागी थिए (पृ. १)।

त्यसपछि गुरु पुरोहित र कर्नेल, जेनरल साहेबहरूको रोलसँग त्यस सभामा सवारी भयो । श्री पू.क.ज.को सवारी भएपछि गार्डको सलामी लिइबक्सि राष्ट्रसभाका निर्वाचित र नियुक्त सदस्यहरूका अगाडी तोकिबक्सेको आसनमा राज भयो । अनीपछि श्री मिनष्टर साहेबको सवारी भयो । गार्डले सलामी दियो, अनी श्री प.क.ज. (केशरशमशेर जबरा) साहेब प्रभृतिबाट स्वागत पूर्व मौसुफलाई भारदारीसभाका सदस्यहरूका अगाडी आसनमा राज गराई बक्सियो । भारदारीसभाको सभापतिका आसन ग्रहण गरिबक्सेपछि महाराजको सवारी हुँदा श्री मिनिष्टर साहेब, श्री प.क.ज. साहेब प्रभृत्ति परसम्म लिन सवारी भयो । ब्याण्डले सलामी दियो । सबैका अगाडी बीचको आसनमा श्री ३ महाराज राज भई ४.४० तिर नेपालको संसदको उद्घाटन गरिबक्सियो । पाँडे (२०७६–भाग चार) लेख्छन्–

> राष्ट्रको प्रमुख विधायिका राष्ट्राध्यक्ष (श्री ५ महाराजाधिराज) बाट उद्घाटन हुनु पर्ने हो । त्यो केही भएन । आफू नै राष्ट्राध्यक्ष हुँ भने झै गरी प्रधानमन्त्री मोहनशमशेर आफैले उद्घाटन गरे । संसदीय व्यवस्थामा सरकारबाट तयार भएको भाषण राष्ट्राध्यक्ष ले संसदमा बाचन गर्ने प्रचलन छ । श्री ३ महाराजले भने आफैले तयार गरेको भाषण आफै पढे । उपस्थित सदस्यहरूले पनि राष्ट्रसभाको भाषणको महत्त्व बुझेका थिएनन् । राणाहरूको निगाहका कारण छानिएकाले पनि उनीहरूलाई वास्ता भएन (पृ. २२६) ।

सभाको कार्यक्रम ठिकठाक भएपछि श्री ले.क. सुवर्णशमशेर जबरा एम.ए.ले राष्ट्रसभाको उद्देश्य, महत्त्व बारेको एउटा रिर्पोट पढेर सुनाए । जसमा दुवै सदनका सदस्यहरूको नामावली र प्रधानमन्त्री मोहनशमशेरको तारिफ तथा स्तुती मात्र थियो (बस्नेत, २०६६, पृ. १५७) । व्यवस्थापिका (भारदारी र राष्ट्रसभा) को पहिलो बैठक  नेपालगञ्जका कृष्णगोपाल टण्डनले एकाध कुरा बोलेपछि स्थगित भयो । पाँडे (२०७६–भाग चार) लेख्छन्–त्यसपछि संसदको बैठक फेरी कहिल्यै बसेन । किन भने धैरै दिनसम्म बैठक चलाउने, देशका जल्दा बल्दा मुद्धा माथि छलफल र वहस चलाउने, कानून निर्माण गर्ने, वजेट र करका दायरा निर्धारण गर्ने उद्देश्यले राणाहरूले संसद बनाएकै थिएनन् (पृ. २२६) ।

आफ्नो दिल्ली भ्रमणका बेला भारतीय प्रधानमन्त्री नेहरूसमक्ष जनप्रतिनिधिहरूलाई सरकारमा सहभागी गराउने भनी दिएको बचन पुरा गरे भनेर देखाउन, दुनियाँको आखाँमा छारो हाल्न श्री ३ महाराजले हतार हतार नाटकीय ढङ्गबाट संसद

खडा गरेका थिए । संसदका लागि न उनको कुनै तयारी थियो नत विजनेश नै । त्यसैले उद्घाटन भाषणसँगै संसदको कारवाही पनि सकियो । मुलुकमा पहिलो पटक घोषणा गरिएको संसदको उद्घाटन भाषणमा श्री ३ महाराज मोहनशमशेरले भनेका थिए– व्यवस्थापिका सभामा निर्वाचित सदस्यबाट दुई जना मन्त्रीमण्डलमा लिइबक्स्यौं । शासन समितिहरू पनि खडा गराइबक्सने भएको छ । त्यसमा परेका तिमीहरूले आफ्ना आफ्ना बिषयमा उचित सरसल्लाह दिई हाम्रो शासन नीति कायम गर्न मद्दत गर्नेछौं (गोरखापत्र, २००७ साल असोज ९, पृ. १) ।

२००७ असोज ९ गतेको गोरखापत्र लेख्छ – श्री ३ महाराजको सवारी फिर्ने बेला फेरी सलामी भयो । त्यसपछि श्री मिनिष्टर एण्ड कम्याण्डर इनचीफ तथा सभाका सभापति बबरशमशेर जबराबाट भारदारीसभालाई आफ्नो शुभसन्देश बक्सियो र उहाँको पनि सवारी फिऱ्यो । अन्तमा प.क.ज. साहेब केशरशमशेर जबराबाट राष्ट्रसभालाई सन्देश सुनाई बक्सियो र त्यस दिनको कार्यक्रम विसर्जन भयो (पृ. १) ।

बस्नेत (२०६६) लेख्छन्–शासन सञ्चालनको अधिकार जनतालाई दिएको छ भन्ने भ्रम पार्नका लागि मात्र त्यो संसद गठन गरिएको थियो । मोहनशमशेर र रोलवाला राणाहरू 'हामी नै राज्य हौं' भन्ने मान्यता राख्थे र संसदलाई उनीहरूले खेलौनाका रुपमा मात्र लिएका थिए (पृ. १५७)। काठमाडौंमा गाईजात्रा (२००७ भदौ १२) सकिएको केही दिनपछि हतार हतारमा बोलाइएकाले विरोधीहरू  व्यवस्थापिकालाई 'गाई जात्रे संसद' पनि भन्ने गर्थे (पाँडे, २०४५, पृ. २१३) ।'

**भारतीय दुतावासमा राजाको शरण**

नेपाली कांग्रेसको गठनसँगै सशस्त्र क्रान्तिको तयारी तिब्र हुदै गयो । यस क्रममा इन्द्रजात्राका बेला प्रधानमन्त्री सहित रोलवाला राणाहरूलाई बम हानेर सखाप पार्ने मिसनका साथ हात हतियार सहित गणेशमान सिंहको नेतृत्वमा एउटा सैन्य टोली काठमाडौं पुग्यो । टोलीलाई राजासँग सम्पर्क गरी क्रान्तिका लागि सहयोग जुटाउने, राजालाई दरवारवाट भगाएर पाल्पा लैजाने वातावरण बनाउने, असन्तुष्ट सैनिक अफिसरहरूलाई भेटेर सेनामा विद्रोह गराउने, राजधानीका जनतालाई क्रान्तिमा लाग्न प्रेरित गरी जनमत वनाउने जिम्मेवारी थियो (गौतम, २०६०, पृ. ११९)। तर मिसनका मुख्य सदस्य र हात हतियार पक्राउ परेपछि भेष बदलेर भारत जाने क्रममा रहेका गणेशमान सिंह ठोरीमा पक्राउ परे र त्यो मिसन सफल हुन सकेन । गणेशमान पक्राउ परेको घटना बारे 'महसुर फरार फेला पऱ्यो' शीर्षकमा गोरखापत्रले प्रथम पृष्ठमा मुख्य समाचार बनायो । समाचारमा लेखिएको थियो ।

> अघि नेपाल सरकारको विरुद्ध षड्यन्त्र गरी आजन्म कारावासको सजाय पाको काठमाडौंको झ्यालखानाबाट २००१ मा फरार भैराखेको गणेशमान श्रेष्ठ केही दिन अघि ठोरीमा पक्राउ भई काठमाडौं ल्याइएको छ ।
>
> यो व्यक्ति नेपालबाट भागेर भारतमा गएदेखि यसले नेपाल विरोधी संस्थाहरूमा प्रमुख भाग लिने गरेको मात्र होइन की सिमानामा हाम्रो निशस्त्र पुलिस माथि पेस्तोलले गोली हानी मार्ने चेष्टामा सरिक समेत भएकाले यसको सुपुर्दगीका निमित्त भारत सरकारसँग लेखापढी चलिरहेको थियो ।
>
> हाल गणेशमान पनि नेपालमा हिंसात्मक षड्यन्त्रमा भाग लिनालाई सुन्दरराज चालिसे, १० महिनासम्म कलकत्तामा सुवर्णशमशेरको नोकरीमा रही निजले लुकुवा हत्यारा गरी पठाएको मेजर भनाउँदो दिलमान थापा मगर इत्यादीसँग यहाँ चोर बाटाबाट आई निजका साथीहरू पक्रिएपछि लुकेर भारततर्फ भाग्न खोजेका बेला ठोरीमा निजको पक्राउ भएको हो । तहकिकातको कारबाही चलिरहेको छ । (गोरखापत्र, २००७ असोज २७, पृ. १) ।

राणा सरकारले गणेशमान र उनका साथीहरूलाई पक्राउ गर्ने सुरक्षाकर्मीलाई एक तह बढुवा गरी नगद इनामसमेत दिएको थियो । सिंह नेतृत्वको मिसन असफल भएपछि प्रधानमन्त्रीबाट शिकार र पिकनिकका लागि नागार्जुन जाने स्वीकृति लिएका राजा त्रिभुवनले, २००७ साल कात्तिक २१ गते सपरिवार भारतीय दुतावासमा शरण लिए । 'संयोगले त्यो दिन एकादशी परेको थियो । (शर्मा, २०४१, पृ. ८७) । एकादशीमा शिकार गरिदैन भन्नेतर्फ ध्यान गएको भए पक्कै पनि प्रधानमन्त्रीले राजालाई शिकारमा जाने अनुमति दिने थिएनन् । नेपालको इतिहासमा कुनै राजा (राष्ट्राध्यक्ष ) ले विदेशी दुतावासमा शरण लिएको त्यो नै पहिलो घटना थियो । राजाले शरण लिएको खवरले सनसनी फैलियो । राणाहरूको १०४ वर्षे शासनकालमा यति ठूलो सङ्कट कहिल्यै आई परेको थिएन । लामो छलफलपछि राजालाई सम्झाउन प्रधानमन्त्रीले खटाएका विशेषदुतलाई राजाले भेटै दिएनन् । एकातिर, राजगद्दी एक छिन पनि खाली राख्न नहुने अर्को तिर राजा फर्कन नमान्ने । राणाहरू झन झन सङ्कटमा परे । आक्रोशित कतिपय राणाहरूले भारतीय दुतावासमा हमला गरी राजालाई फिर्ता ल्याउने र दुतावास गएको पानीको पाइप काटि दिने विचार समेत राखे (माथेमा, २०७३, पृ. १३५) । केहीले यस्तो देशद्रोही र राष्ट्र«को वेइज्जत गर्ने वंशलाई गद्दीबाट बहिष्कार गर्नु पर्छ भन्ने राय पनि प्रकट गरे (गोरखापत्र, २००७ कात्तिक २३, पृष्ठ १) । भने राजगुरु हेमराज र चन्द्रजङ्गले राजतन्त्र अन्त्य गरी श्री ५ र श्री ३ दुवैका श्रीपेच श्री ३ ले नै लगाउन उपयुक्त हुने सुझाव दिए (गौतम, २०५५, पृ. ३७८)।

## त्रिभुवनलाई च्युत गरी ज्ञानेन्द्रलाई राजा घोषणा

भारतीय दुतावासको शरणमा पुगेका राजा त्रिभुवनलाई फिर्ता गराउन असफल भएपछि राणाहरू राजाका नाबालक नाती ज्ञानेन्द्रलाई गद्दीमा राख्ने निष्कर्षमा पुगे । कात्तिक २२ गते विहान ७ बजे संसद सदस्य र भाइ भारदारहरूलाई सिंहदरवारमा हाजिर गराइयो (प्रधान, सन् २०१४, पृ. ३००) । केही समय अघि मात्र संसद अधिवेशन अन्त्य भएकाले धेरै जसो सदस्य काठमाडौं बाहिर गैसकेका थिए । सिंहदरवारको प्राङ्गणमा उपस्थित सांसद सदस्य र भारदारहरूलाई दरवारको तेस्रो तला माथिको झ्यालबाट सम्बोधन गर्दै श्री ३ महाराज मोहनशमशेरले राजा फर्किन नमानेको र शाहवंश मान्ने हाम्रो परम्परा रहि आएकाले त्रिभुवनका माइला नातीलाई गद्दीमा राख्ने कुरामा तिमीहरूको के राय छ ? भनी सोधे । आफूले निर्णय गरि सकेपछि संसद र भारदारहरूको सल्लाहमा गरिएको हो भन्ने देखाउनका लागि मात्र प्रधानमन्त्रीले त्यो नाटक मञ्चन गरेका थिए । अनी त्यहाँ उपस्थित राष्ट्रसभा र भारदारी सभाका सदस्यहरूलाई एउटा खाली काजगमा हस्ताक्षर गराइयो । मिनिष्टर एवं कमान्डर इनचीप बबरशमशेरदेखि मिर सुब्बा र मेजर कर्णेल दर्जासम्मका २५८ जनाले त्यो कागजमा सहि गरेका थिए (प्रधान, सन् २०१४, पृ. ३०२) । २००७ साल कात्तिक २३ गतेको गोरखापत्र लेख्छ –

> श्री ३ महाराज मोहनशमशेरले परम्परादेखि मानि आएको वंशलाई खारिज गर्न मुनासिब हुँदैन, फेरी नाबालक शाहजादाहरूलाई त परिणामको बोध नहुने हुनाले पनि श्री ५ युवराजधिराज महेन्द्र र उनको छोरा वीरेन्द्रलाई राजा बनाउनका लागि त्रिभुवन राजी हुन्छन् की सोधौं नभए शाहजादा ज्ञानेन्द्रलाई नै गद्दीमा चढाउन उचित होला भनि राय राखे । त्यसमा भारदार र संसदका सबै सदस्यले सहमति जनाए बक्सेकोमा सबैको एक राय भयो । (गोरखापत्र, कात्तिक २३, पृष्ठ १)

कात्तिक २३ गतेको गोर्खापत्रमा सांसद सदस्य र प्रमुख पदाधिकारीको सर्वसम्मतीवाट राजा त्रिभुवनलाई पदच्च्युत गरी उनका नाबालक नाती ज्ञानेन्द्रलाई राजा वनाईएको समाचार प्रकाशित भयो । 'आफूहरूले के कागजमा सही गरे भन्ने कुरा कतिपय सांसद सदस्यहरूले गोरखापत्र पढे पछि मात्र थाहा पाएका थिए (अधिकारी, २०७१, पृ. ९१) । कात्तिक २२ गते मङ्गलवार दिनको २.४५ वजे हनुमानढोकाको नासलचोकमा हतार हतार नायब बडा गुरु हेमराज पाण्डेले नाबालक राजा

ज्ञानेन्द्रलाई श्रीपेच लगाई दिए (सिंह, २०७२, पृ. १०५)। गुरागाईं (२०७९) लेख्छन्–गद्दी आरोहणपछि नाबालक राजालाई चार घोडे बग्गीमा चढाई प्रधानमन्त्री मोहनशमशेर राणाले आफ्नो काखमा बसालेर हनुमानढोका दरवारबाट सिंहदरवारतर्फ लगेका थिए। ब्याण्ड बाजाका साथ बग्गीको पछि पछि भाई भारदार थिए। मानिसहरूले घर बाहिर निस्कएर त्यो दिनको घटना हेरे पनि जय जयकार भने गरेनन् (पृ.११४)। त्यसै दिन बालक राजा ज्ञानेन्द्रको नाममा सीमित टक (सिक्का) काटिए (पाँडे, २०७८–भाग चार, पृ. २९७) । त्यसको भोली पल्ट २००७ साल कात्तिक २३ गते गोर्खापत्रमा समाचार छापियो 'श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहको राज्यारोहण, श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहको पदच्युत (गोरखापत्र, कात्तिक २३, पृष्ठ १)।

## सशस्त्र क्रान्ति र दिल्ली सम्झौता

आकाशवाणी रेडियो (भारत) ले कात्तिक २४ गतेका दिन राजा त्रिभुवन जहाजबाट भोली नै दिल्ली जाने निश्चित भएको समाचार प्रशारण गऱ्यो। भारत सरकारले पठाएको स्पेशल जहाजमा सवार भै कात्तिक २५ गते राजा भारततर्फ लागे। त्यसै दिन साँझ एउटा जहाजले काठमाडौंका तीनै शहरमा राणा विरोधी पर्चा छऱ्यो (अधिकारी, २०७१, पृ. ९२)। त्यो घटना वारे 'नेपालमा देशद्रोही घटनाहरू, अध्यारोमा कालो कर्तुत' शीर्षकमा गोरखापत्र लेख्छ–कात्तिक २५ गते बेलुका छ बजेतिर नेपाल चार भन्ज्याङ भित्र हवाई जहाजले देशद्रोही र राजद्रोही पर्चाहरू खसालेको देखियो। वीरगञ्जसम्म थोर बहुत अरु ठाउँमा पनि खसालेको छ (गोरखापत्र, २००७ मंसिर १, पृ. १)। पर्चा छरेकै दिन राति कांग्रेसको मुक्ति सेनाले वीरगञ्ज कब्जा गऱ्यो। राणाहरूमा कोलाहल मच्चियो। काठमाडौंमा खुलेआम राणा विरोधी प्रदर्शन र नारावाजी हुन थाल्यो। मुख्य मुख्य शहरमा सरकारी फौजले हार्दै गएको, पाल्पाका बडाहाकिम रुद्रशमशेर र उनको परिवार कांग्रेससँग मिलेको, विराटनगर, जनकपुर र नेपालगञ्जका वडाहाकिमले हार खाएको खवर भारतीय सञ्चार माध्यमहरूमा प्रवाह भएपछि राणाहरू कमजोर बन्दै गए (माथेमा, २०७३, पृ १४३)। क्रान्ति उत्कर्षतर्फ उन्मुख भएपछि २००७ साल मङ्सिर अन्तिम साता राणा सरकारका दुत परामर्शका लागि दिल्ली पुगे। २००७ साल मङ्सिर ३० गतेको अङ्कमा गोरखापत्र लेख्छ–मंसिर २५ गते प्रधानमन्त्रीका पुत्र मे.ज. विजयशमशेर र केशर शमशेर दिल्लीमा परामर्श गरी फर्किए (गोरखापत्र, २००९ मंसिर ३०, पृ. १)। बार्तामा भारतले राजनीतिक सुधारको बाटोमा जान र त्रिभुवनलाई नै राजा स्वीकार गर्न दवाव दिएपछि राणाहरू अप्ठेरोमा परे। भारतीय प्रधानमन्त्री नेहरूले भनेका थिए, ३ वर्षे बालकलाई राजा स्वीकार्न सक्दैनौं। यही वातावरणकाबीच सशस्त्र क्रान्ति जारी रहदा वार्ता र सम्वादको क्रम पनि शुरु भयो। राणा सरकार विद्रोहीसँग सम्झौता गरी राजनीतिक निकासमा पुग्नुको विकल्प छैन भन्ने निष्कर्षमा पुग्यो। चन्द्रशमशेरले आफ्नो छोरा तथा अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरका बारेमा भनेका थिए–यो गोठालाले मेरो राज्य थाम्न सक्दैन (तुलाधर, २०७७, पृ. १२८)। नभन्दै जङ्गबहादुर राणाले १०४ वर्ष अघि स्थापना गरेको राणा शासन मोहनशमशेरकै पालमा अन्त्य हुने निश्चित भयो। भारतको मध्यस्थतामा राणा, राजा र नेपाली कांग्रेसबीच त्रिपक्षीय सम्झौता भएर २००७ सालको क्रान्ति अन्त्यको वातावरण बन्यो।

## त्रिभुवनलाई राजा स्वीकार्ने मोहनशमशेरको घोषणा

दिल्ली सम्झौतापछि श्री ३ महाराज मोहनशमशेरले आफ्नो महत्त्वपूर्ण भाषण सुनाउनका लागि गरेको उर्दी बमोजिम, २००७ साल पुष २४ गते दिनको १ वजे सिंहदरवारमा जङ्गी, निजामतिमा सुनाको तोडासम्म र अरु साहु, महाजन, जिमिदार, भलाद्मी उपस्थित भए। (गोरखापत्र, २००७ पुष २६, पृ. १)। अन्दाजी पौने चार वजे महाराजको भाषण शुरु भयो। दुई वर्ष

(२००९ साल भित्र) वालिग मताधिकारका आधारमा संविधानसभा निर्वाचन सम्पन्न गरी संविधान निर्माण गर्ने, निर्वाचनका लागि देशभर जनगणनाको काम शुरु भएको र सकभर चाँडो मतदाता नामावली तयार गर्ने घोषणा भयो ।

संविधानसभा निर्वाचन सम्पन्न गर्नका लागि तत्काल १४ सदस्यीय एक मन्त्रीमण्डल बनाउने, जसमा ७ जना जनताका प्रतिनिधि रहने र देशको शासन अधिकार सो मन्त्रीमण्डललाई सुम्पिइने जानकारी महाराजले दिए । नयाँ सरकारलाई मुलुकको आय व्ययको अख्तियारी दिने र वजेटको प्रथा तुरुन्तै लागु गर्ने, कार्यकारिणीबाट न्याय विभागलाई पृथक गराउने, एड्भोकेट जनरल (महान्याधिवक्ता) र अडिटर जनरल (महालेखा) को नियुक्ति गर्ने, सरकारी जागिरको निमित्त योग्य उम्मेदवार छान्ने पव्लिक सर्भिस कमिशनको नियुक्ति गर्ने, देशमा २०० जति ग्राम पञ्चायत र जिल्ला पञ्चायतहरू खडा भै सकेकोमा २००९ भित्र तिनको संख्या ५०० को हाराहारीमा पुऱ्याउने घोषणा भयो । त्यही घोषणामा श्री ३ महाराज मोहनशमशेरले २००७ साल कात्तिक २२ गते त्रिभुवनलाई पदच्युत गरी उनका नाती ज्ञानेन्द्रलाई राजा बनाउने निर्णय भारदार र संसदका सदस्यहरूको सिफारिस फिर्ता गरी त्रिभुवनलाई नै राजा स्वीकार गर्ने घोषणा गर्दै भनेका थिए ।

> श्री ५ ज्ञानेन्द्रलाई कुन परिस्थितीमा राजा बनाउनु परेको हो सो सबैलाई विदितै छ । अहिलेसम्म हामीसँग राजनीतिक सम्वन्ध भएका कुनै पनि विदेशी मित्र सरकारले पनि उनलाई राजा स्वीकार गरेनन् । देशभर दुविधा र अशान्ति फैलियो । यस सन्दर्भमा भारत सरकारको मैत्रीपूर्वक सुझाव पनि प्राप्त भयो । अनी २००७ साल पुष २३ गते पार्लियामेन्ट र भारदारीको विशेष बैठक भयो । त्यो बैठकले पनि परिस्थितीको विचार गरी मुलुकमा शान्ति र स्थिरता कायम गर्न राजा त्रिभुवनको अनुपस्थितीको अवधिलाई मौसुफबाट नेपाल सरकारको सल्लाहमा राजा ज्ञानेन्द्रलाई एक रिजेन्ट नियुक्त गरिबक्सेको हुन्छ भन्ने सिफारिस गरे । तसर्थ सरकार पार्लियामेन्ट र भारदारीको निर्णय अनुमोदन गर्दछ भनी सुनाउन चाहन्छु । (गोरखापत्र, २००७ माघ १)

लगत्तै दिल्लीबाट त्रिभुवनले श्री ३ महाराजको घोषणाको स्वागत गर्दै विश्वासको वातावरण सिर्जना गर्न यथाशीघ्र राजनैतिक कैदीहरूको रिहाई र राजकाजमा परि निर्वासित भएकाहरू देश सेवा गर्नलाई देशभित्र आउन अनुमति दिइने छ भन्ने विश्वास व्यक्त गरे (गोरखापत्र, २००७ माघ ४, पृ. १) । २००७ साल फागुन ४ गते राजा त्रिभुवन जहाजबाट स्वदेश फर्किए । फागुन ६ गते श्री ३ मोहनशमशेरले 'तत्कालीन राजा सुरेन्द्रवाट जंगवहादुर राणालाई शासन सत्ता सञ्चालन गर्न कार्यकारी अधिकार दिइएको 'पञ्जापत्र' राजा त्रिभुवनलाई फिर्ता गरे (गौतम, २०५५, पृ. ४८६)। यसरी १०४ वर्ष लामो राणाहरूको हुकुमी शासन अन्त्य भै मुलुकमा प्रजातन्त्र स्थापना भयो । अनी २००७ साल फागुन ७ गते राजा त्रिभुवनले आफ्ना जिजुबुबा श्री ५ सुरेन्द्रले मुलुकको शासनसत्ता सञ्चालन गर्न जङ्गवहादुर राणा र उनको परिवारलाई दिएको अधिकार फिर्ता भएको घोषणा गर्दै संविधानसभा निर्वाचन गरी त्यही सभाले बनाएको संविधानका आधारमा मुलुकको शासन व्यवस्था सञ्चालन हुने घोषणा गरे । लगत्तै राणा कांग्रेस संयुक्त सरकारको प्रधानमन्त्रीका रुपमा मोहन शमशेरले सपथ लिए । त्यो नै नेपालको इतिहासमा कुनै प्रधानमन्त्रीले पद तथा गोपनीयताको सपथ लिएको पहिलो घटना थियो । सपथको भाषा यस्तो थियो –ईश्वरका अगाडी द्वेष पक्षपातविना सबै प्रकारका मानिससँग न्याय व्यवहार गर्छु, प्रधानमन्त्रीको हैसियतमा थाहा पाएको कुरा काम नपरि कसैमा सूचना वा प्रकट गर्ने छैन (गोरखापत्र, २००७ फागुन ८, पृ. १) ।

## निष्कर्ष

राणा वंशले मात्र सत्ता सञ्चालन गर्न पाउने गरी जङ्बहादुरले स्थापना गरेको निरङ्कुश शासन व्यवस्थाले सय वर्ष पुरा गर्न लाग्दा नेपालकै पहिलो राजनीतिक दल प्रजापरिषद्ले पर्चा छरेर निरंकुशताको विरोध गऱ्यो । त्यो आन्दोलन दवाएपछि

राणाहरूले आफ्ना पुर्खाले खुकुरीको बलमा स्थापना गरेको शासन अझै १०० चलाउने सपना देखेका थिए । उन्नाइसौँ शाताव्दीको अन्त्य र विसौँ शताब्दीको आरम्भसँगै दोस्रो विश्वयुद्ध समाप्त भयो र भारतमा अंग्रेज विरुद्ध महात्मा गान्धीको नेतृत्वमा सञ्चालित 'भारत छोडो' आन्दोलन उत्कर्षमा पुग्यो । त्यति नै बेला अंग्रेजका तर्फबाट युरोप र एसियाका विभिन्न मोर्चामा लडेर ठूलो संख्यामा गोर्खाली सिपाहीहरू स्वदेश फर्किएका थिए । उनीहरूले आफू पुगेका देशका नागरिकले उपभोग गरिरहेको प्रजातान्त्रिक अधिकारका विषयमा एकै पटक देशभर सन्देश प्रवाह गरि राणाहरूको अन्याय, अत्याचार विरुद्ध जनमत निर्माणमा योगदान गरे । त्यही बेलादेखि राणा शासनको ओरालो यात्रा आरम्भ भयो । जनतालाई अधिकार नदिने हो भने राणा शासन टिकाउन सकिदैन भन्ने बुझाईका कारण प्रधानमन्त्री पद्मशमशेरले शुरुमै आफू जनताको नोकर भएको सार्वजनिक घोषणा गर्दै सुधारवादी कदम शुरु गरे । पहिलो पटक जनतालाई रेडियो सुन्ने अधिकार प्राप्त भयो । भारत अंग्रेजहरूको पञ्जाबाट मुक्त भएपछि महाराजले मुलककै पहिलो लिखित संविधान घोषणा गरे । त्यही संविधानमा भारदारी सभा र राष्ट्र« सभा रहेको दुई सदनात्मक व्यवस्थापिकाको प्रावधान राखिएको थियो । जनतालाई अधिकार दिने हो भने राणा शासन समाप्त हुन्छ भन्ने मान्यता राख्ने मोहनशमशेर लगायतका कट्टरपन्थी राणाहरूले संविधान लागु हुन नदिएर महाराज पद्मशमशेरलाई सत्ता छोड्न बाध्य बनाए । त्यसको केही वर्षमै अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरले पद्मशमशेरले घोषणा गरेको संविधानकै आधारमा २००७ साल असोज ६ गते मुलकको पहिलो व्यवस्थापिका (संसद) को उद्घाटन गर्नु पऱ्यो । नाम मात्रको त्यो संसदमा राणा परिवारका सदस्य र निकट भारदारहरू मात्र त्यो संसदका सदस्य थिए । प्रधानमन्त्रीको आदेश तामेली गर्ने बाहेक संसदलाई कुनै अधिकार थिएन । दुनियाँ सामु सुधारको नाटक मञ्चन गर्न मोहनशमशेरले संसद उद्घाटन गरेका थिए । हुकुमको बलमा चलेका राणाहरूले देश दुनियाँमा भएको परिवर्तन र परिवर्तनका पक्षमा जनमत बढ्दै गएका बेला संसदको स्थापना गर्नु आज सामान्य जस्तो लागे पनि त्यो बेलाको समयमा ठूलो ऐतिहासिक कदम थियो ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, सूर्यमणि. (२०७१).नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास. नयाँ दिल्ली : निराला पब्लिकेशन ।

गुरागाईं, प्रकाश. (२०७९). जङ्क्सन पिलबोट, नयाँ सडकको कथा. काठमाडौं : फिनिक्स बुक्स ।

गोरखापत्र, २००३ जेठ २७ गते ।

गोरखापत्र, २००३ श्रावण ८, पृ. १ भाग ४६, सं २९ ।

गोरखापत्र, २००४ माघ २०, पृ. १, वर्ष ४७, संख्या १२० ।

गोरखापत्र, २००४ फागुन ५, पृ. १–४, वर्ष ४७, सं. १२६ ।

गोरखापत्र, २००४ फागुन २२, पृ. १, वर्ष ४७, सं. १२९ ।

गोरखापत्र, २००६ फागुन १३, पृ. १, वर्ष ५०, सं. १३१ ।

गोरखापत्र, २००७ श्रावण १८ पृ. १, वर्ष ५१, सं. ४७ ।

गोरखापत्र, २००७ असोज ४, पृ. १, वर्ष ५१, सं. ६८ ।

गोरखापत्र, २००७ असोज ९, पृ. १, वर्ष ५१, सं. ७० ।

गोरखापत्र, २००७ असोज २७, पृ. १ ।

गोरखापत्र, कात्तिक २३, पृष्ठ १, अतिरित्ताङ्क ।

गोरखापत्र, २००७ मंसिर १, पृ. १, वर्ष ५१, संख्या, ८६ ।

गोरखापत्र, २००९ मंसिर ३०, पृ. १, वर्ष ५१, संख्या ९९ ।

गोरखापत्र, २००७ पुष २६, पृ. १ ।

गोरखापत्र, २००७ माघ १ गते, अतिरित्ताङ्क ।

गोरखापत्र, २००७ माघ ४, पृ. १, वर्ष ५१, संख्या ११२ ।

गोरखापत्र, २००७ फागुन ८, पृ. १, वर्ष ५१, संख्या १२६ ।

गौतम, राजेश. (२०५५). नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस–भाग १. काठमाडौं : श्रीराम श्रेष्ठ, कृष्णमुरारी अधिकारी ।

गौतम, राजेश. (२०६०). नेपालको प्रजातान्त्रिक आन्दोलन र गणेशमान सिंह. काठमाडौं : बी.पी. प्रकाशन ।

गौतम, राजेश. (२०६६). नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस–भाग २. काठमाडौं : कृष्णमुरारी अधिकारी र श्रीराम श्रेष्ठ ।

चटर्जी, भोला. (२०६३). बी.पी. कोइराला एक क्रान्तिकारी व्यक्तित्व. ललितपुर : साझा प्रकाशन ।

जबरा, पुरुषोत्तमशमशेर. (२०६५). भएका र गुज्रेका घटनाहरू. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

तुलाधर, दमनराज. (२०७७). राणाविरोधी आन्दोलनका एक निर्भीक योद्धा, कुशल प्रशासक, निपुर्ण लेखक तथा अनुवादकको इमानदार आत्मकथा. काठमाडौं : बुक–हिल ।

नेपालको वैधानिक कानून २००४. (सन् २०१८). नेपाल कानून आयोग ।

नेपाल, जगत. (२०७२). पहिलो संसद्, बीपी महेन्द्र टकराब. काठमाडौं : सांग्रिला बुक्स ।

नेपाली, चित्तरञ्जन. (२०५५). राणाशासनको रोल व्यवस्था र धर्मपत्रहरू . ललितपुर : मदन पुरस्कार गुठी ।

प्रधान, भुवनलाल. (सन् २०१४). नेपालको जनक्रान्ति २००७. काठमाडौं : हिमाल किताब ।

पाँडे, भीमबहादुर. (२०४५). त्यस बखतको नेपाल–भाग ४. काठमाडौं : भीमबहादुर पाँडे ।

पाँडे, भीमबहादुर. (२०७६). त्यस बखतको नेपाल–भाग चार. काठमाडौं : फिनिक्स बुक ।

पाँडे, भीमबहादुर. (२०७६). त्यस बखतको नेपाल–भाग पाँच. काठमाडौं : फिनिक्स बुक ।

बस्नेत, पुरुषोत्तम. (२०६६). नेपाली कांग्रेसको इतिहासको प्रारूप–भाग १. काठमाडौं : पुरुषोत्तम बस्नेत ।

भट्टराई, घनश्याम. (२०५९). राणाकालीन जिल्ला प्रशासनमा बडाहाकिमहरूको भूमिका. काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

माथेमा, दयारामभक्त. (२०७३). अनुभव र अनुभूति, जीवन यात्राका ऐतिहासिक मोड. काठमाडौं : दया फाउन्डेसन ।

राणा, प्रमोदमशमशेर. (२०७०) राणाशासनको वृत्तान्त. काठमाडौं : पैरबी बुक हाउस ।

सिंह, माथवर. (२०७२). गणेशमान सिंह मेरो कथाका पानाहरू (खण्ड ३). काठमाडौं : आयाम प्रकाशन प्रा.लि. ।

सिंह, मंगला देवी. (२०५१). नारी संघर्षका पाईलाहरू.  काठमाडौं : पी. एल. सिंह ।

शर्मा, बालचन्द्र (२०३३). नेपालको ऐतिहासिक रुप–रेखा. वाराणासी, कृष्णकुमारी देवी ।

शर्मा, बी.एल. (२०४१). राष्ट्रपिता र म. काठमाडौं : श्रीमती अनिता शर्मा ।

हागन, टोनी. (सन् २०१९). विकेन्द्रीकरण र विकास, प्रजातान्त्रिक सिद्धान्तको भूमिका. काठमाडौं : हिमाल किताब ।

Rose, L. E., & Fisher, M. W. (1970). The Politics of Nepal: Persistence and Change in an Asian Monarchy. *(No Title)*.

Shaha, Rishkesh. (2001). *Modern Nepal, A Political History, 1769-1955*. New Delhi : MANOHAR